# प्याब्सन, हिसान तथा नेशनल प्याब्सनद्वारा जारी

## संयुक्त प्रेस विज्ञप्ति

मिति : २०८०/०४/२३

नेपालको शिक्षा बिकासमा ४ दशक लामो योगदान गरेको निजी क्षेत्रले थुप्रै आरोह अवरोह व्यहोरिसकेको छ । शिक्षा ऐन २०२८ कार्यान्वयन भए पश्चात २०३६ साल पछि निजी लगानीमा विद्यालयहरू स्थापना हुन थाले । बहुदलीय व्यवस्थाको स्थापना पश्चात तत्कालिन राज्यको नीति र ऐनका आधारमा विद्यालयहरू स्थापना हुनेक्रम निरन्तर रह्यो । विद्यालय मात्र नभई सूचना तथा सञ्चारको क्षेत्र, उधोग, कलकारखाना, यातायात, पर्यटन, स्वास्थ्य लगायत थुप्रै क्षेत्रमा निजी क्षेत्रको लगानीमा उल्लेख्य प्रगति भयो । तर राज्यले विकास क्रममा रहेका तमाम क्षेत्रलाई व्यवस्थित र नियमन गर्नुको सट्टा नियन्त्रण गर्ने झन्झटिलो र अव्यवहारिक कानुन निर्माण तर्फ मात्र अग्रसर भएका कारण, तिब्र बिकास तर्फ जानु पर्नेमा निजी क्षेत्र क्रमश अन्योल र अस्थिर बन्दै गएको छ । निजी क्षेत्रले पटक पटक असहज अवस्थाको सृजना व्यहोर्नु पर्दा पनि राज्य पक्षबाट ढाड्स दिने काम कहिल्यै भएन । २०५८ सालमा सरकारले निजी लगानीमा सञ्चालित शैक्षिक प्रतिष्ठानहरूलाई कम्पनी/गुठी/सहकारी मध्ये कुनै एक रोज्ने प्रावधान ल्यायो । सोही बमोजिम विद्यालयहरू कम्पनीमा रूपान्तरित भई शैक्षिक संस्थाहरूले शैक्षिक एवम् भौतिक विकासमा झण्डै ५ खर्ब लगानी गरेका छन् । यस क्षेत्रले करीव ४ लाख रोजगारी सृजना गरेको छ । झण्डै ३० लाख विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गरिरहेको छ । सरकारले शिक्षामा छुट्याएको बजेटको ३५ प्रतिशत हाराहारीमा योगदान निजी क्षेत्रको रहेको छ । शिक्षा क्षेत्रले राजस्व मार्फत राज्यलाई ठूलो योगदान गरिरहेको छ । तर शिक्षा ऐन २०२८ लाई प्रतिस्थापन गर्ने कानुन "विद्यालय शिक्षा सम्बन्धि कानुनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक २०८०" हाल मन्त्री परिषदद्धारा पारित भएको छ । यो पारित भएको विधेयक औपचारिक रुपमा सार्वजनिक भैसकेको छैन् तर समाजिक सञ्जालमा छ्यापछ्याप्ती भेटिएको छ । सामाजिक सञ्जालमा प्राप्त विधेयक मध्ये तत्कालिन शिक्षा सचिव रामकृण्ण सुवेदीद्धारा हस्ताक्षर भएको विधेयक प्रति हामी सबै सरोकारवालाहरूको गम्भीर ध्यानाकर्षण भएको छ । उक्त विधेयकले कम्पनी मार्फत सञ्चालित विद्यालयहरूलाई ५ वर्षभित्र गुठीमा रूपान्तरण र दायित्व फरफारकको विषयलाई समावेश गरी निजी लगानीको शिक्षा क्षेत्रलाई निरुत्साहित गर्ने मात्र होइन मास्ने अभिप्रायका साथ विधेयक ल्याइएकाप्रति हाम्रो गम्भीर असहमति रहेको छ ।

समग्र शिक्षा क्षेत्रको सुधारका लागि शिक्षा ऐन अपरिहार्य छ र चाँडो भन्दा चाँडो ल्याउनु पर्छ भन्ने हाम्रो पनि माग हो । तर हामी सरोकारवालाहरूले वर्षौदेखि शिक्षा ऐन संशोधन र निजी लगानीमा सञ्चालन गरिएका शैक्षिक संस्थाहरूलाई व्यवस्थित, मर्यादित र लगानीको सुरक्षाका बारेमा आवाज उठाउँदै आएता पनि प्रस्तुत सुझावहरूलाई वेवास्ता गरी प्रस्ताव गरिएको विधेयकमा एकपटक पनि छलफल नगरी शिक्षा मन्त्रालयले मन्त्री परिषद्मा पेस गर्नु अत्यन्तै दुःखद विषय हो । मन्त्री परिषद्बाट पास भएको प्रस्तावित विधेयक सरकारले संसदमा पेश गर्ने तयारी गरेको छ । सो विधेयक निजी लगानी तथा व्यवस्थापनमा सञ्चाल भएका शैक्षिक प्रतिष्ठानहरूको अस्तित्व नामेट पार्ने उदेश्यबाट अभिप्रेरित भएको हाम्रो ठहर छ ।

सरकारले लिने अव्यवहारिक नीतिनियमका कारण एकातर्फ देशभित्र उच्च तथा प्राविधिक शिक्षालयहरू ध्वस्त भएका छन् भने लाखौं विद्यार्थीहरू उच्च शिक्षाको लागि बाहिरिने क्रम जारी छ भने अर्कोतर्फ विद्यालय शिक्षामा निजी लगानीका विद्यालयले पुऱ्याएको योगदानलाई नजरअन्दाज गरेमा विद्यालय स्तरका विद्यार्थीहरू पनि विदेशिन थप बल पुग्ने निश्चित छ । सरकारको यस्तो स्वेच्छाचारी सोचका कारण मुलुकको विद्यालय शिक्षामा पर्ने दुरगामी असरप्रति जिम्मेवार भई सबै सरोकारवाला निकायहरूसँग छलफल गरि अगाडि बढ्न सरकारलाई आग्रह गर्दछौं ।

सरोकारवाला पक्षको अनुभव र भावनालाई समावेश गरी कानून निर्माण गर्नु सरकारको दायित्व हो । आफ्नो जिम्मेवारी विर्सिएर एकलौटि रुपमा मस्यौदा निर्माण गर्नु तथा सोको विषयमा सरोकारवालासँग कुनै छलफल नै नगरि नगराई संसदमा प्रस्तुत गर्ने सरकारको व्यवहार अलोकतान्त्रिक भएको हाम्रो ठहर छ । शिक्षालाई मर्यादित, व्यवस्थित, प्रविधिमैत्री बनाउँदै आएका निजी विद्यालयहरूको मर्म र योगदानलाई प्रतिकूल असर गर्ने यस्ता विधेयकहरू समयमा नै संशोधन गरी निजी लगानीको संरक्षण सम्बर्द्धनको सुनिश्चितता हुने लिखित प्रतिवद्धता सरकारको तर्फबाट जारी नभएमा देशैभरी सञ्चालित विद्यालयहरू बन्द गर्ने, सवारी साधन सहित सडकमा प्रदर्शन गर्ने जस्ता आन्दोलनका कार्यक्रमहरू गर्न हामी बाध्य हुने समेत ध्यानाकर्षण गराउन चाहान्छौं । यसबाट उत्पन्न हुने जुनसुकै परिणामको जिम्मेवारी सरकार स्वयमले लिनुपर्ने विषय पनि प्रष्ट पार्न चाहान्छौं ।

| | | |
|---|---|---|
| (पाण्डव हमाल) | (रमेश सिलवाल) | (डीके ढुङ्गाना) |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| नेसनल प्याब्सन केन्द्रीय कार्यसमिति | हिसान केन्द्रीय कार्यसमिति | प्याब्सन केन्द्रीय कार्यसमिति |

# सुझावहरू:

| क्र.सं. | विधेयकले गरेको प्रस्तावित व्यवस्था | विधेयकमा संशोधन गरिनुपर्ने सुझावहरू | कैफियत |
|---|---|---|---|
| | | | |
| १. | दफा ४ निजी विद्यालयको स्थापना र सञ्चालनः उपदफा (३) यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कम्पनी कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेका संस्थागत विद्यालय यो ऐन प्रारम्भ भएको मितिले पाँच बर्ष भित्र शैक्षिक गुठीको रुपमा रुपान्तरण गरी सञ्चालन गर्नुपर्नेछ । | यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेका निजी लगानीका विद्यालय यस ऐनको अधिनमा रहि सञ्चालन गर्न वाधा पुर्‍याएको मानिने छैन । | संविधानले शिक्षामा निजी क्षेत्रको लगानी नियमन र व्यवस्थापन गरी सेवामुलक बानाउने संवैधानिक व्यवस्थाको प्रतिकुल हुने । |
| २. | दफा १५ शुल्क सम्बन्धि व्यवस्थाः उपदफा (२) निजी लगानीका विद्यालयले राष्ट्रिय मापदण्डको अधिनमा रहि स्थानिय तहले तोकेको शिर्षक र सिमाभित्र रहि शुल्क लिन सक्नेछ । | निजी लगानीका विद्यालयले लिने शुल्क राष्ट्रिय मापदण्डले निर्धारण गरे बमोजिमको शिर्षक र सिमा विपरित नहुने गरी स्थानिय निकायले तोके बमोजिम लिन सक्नेछ । | एकरुपता कायम गर्न |
| ३. | दफा १७ विद्यालय व्यवस्थापन समितिः विद्यालयको व्यवस्थापन, रेखदेख र सञ्चालन गर्न प्रत्येक विद्यालयमा स्थानीय कानुनमा व्यवस्था भए बमोजिम बढीमा सात सदस्य रहेको विद्यालय व्यवस्थापन समिति रहनेछ । | सङ्घीय शिक्षा ऐनमा व्यवस्थापन समितिको संरचना उल्लेख गरिनु पर्नेछ । | एकरुपता कायम गर्न |
| ४. | दफा २३ राष्ट्रिय पाठ्क्रम परिषदः | निजी विद्यालयको छाता सङ्गठनको प्रतिनिधिको प्रतिनिधित्व रहने व्यवस्था समावेश गर्नुपर्ने । | सवै क्षेत्रको प्रतिनिधित्वबाट गुणस्तर अभिवृद्धि गर्न सहयोग पुग्ने भएकोले |
| ५. | दफा २८ बोर्डको गठनः | निजी विद्यालयको छाता सङ्गठनको प्रतिनिधिको प्रतिनिधित्व रहने व्यवस्था समावेश गर्नुपर्ने । | सवै क्षेत्रको प्रतिनिधित्वबाट गुणस्तर अभिवृद्धि गर्न सहयोग पुग्ने भएकोले |
| ६. | दफा १४७ निजी लगानीका विद्यालयका शिक्षक तथा कर्मचारीः उपदफा (१) निजी लगानीका विद्यालयका शिक्षक तथा कर्मचारीको नियुक्ती, पदपुर्ति, पारिश्रमिक र सेवा शर्त सम्बन्धि व्यवस्था स्थानिय तहबाट स्वकिृत गराई लागु गरेको विनियम बमोजिम हुनेछ ।<br>उपदफा २ उपदफा (१) बमोजिमको विनियम बनाउँदा नेपाल सरकारले निर्धारण गरेको न्युनतम पारिश्रमिक, सामाजिक सुरक्षा सम्बन्धि व्यवस्था राष्ट्रिय मापदण्डको प्रतिकुल नहुने गरी स्थानीय तहको कानुनमा व्यवस्था भए बमोजिम हुनेछ । | श्रम ऐन बमोजिम नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक तथा सामाजिक सुरक्षा सम्बन्धि व्यवस्था समावेश गरी शिक्षक तथा कर्मचारीको नियुक्ती, पदपूर्ति, पारिश्रमिक र सेवा शर्त सम्बन्धि विनियम बनाई लागु गर्नुपर्ने । | |
| ७. | दफा १४० शिक्षा सम्बन्धि जिम्वारीः (१) नेपाल सरकारको जिम्मेवारी तथा दायित्व (ञ) शिक्षामा लगानी र विद्यार्थीलाई प्रदान गर्ने छात्रवृत्ति सम्बन्धि नीति र मापदण्ड निर्धारण गर्ने | (क) उच्च शिक्षा अध्ययनमा नेपाल सरकारले प्रदान गर्ने छात्रवृत्तिमा सबै प्रकारका विद्यालयहरूबाट अध्ययन पूरा गरेका विद्यार्थीहरूलाई समानरूपमा प्रतिस्पर्धा गर्न दिइनुपर्दछ । आरक्षणका नाममा दिइँदै आएको ४५ प्रतिसत छात्रवृत्ति सम्बन्धि (छात्रवृति सम्बन्धि ऐन, | विभेदकारी भएकोले |

| | | | |
|---|---|---|---|
| | | २०२१ दफा ३ क, छात्रवृति सम्बन्धि नियमावली, २०६० नियम "१०क खारेज हुनु पर्दछ ।<br>(ख) शिक्षा सम्बन्धी केहि नेपाल ऐन संसोधन गर्ने ऐन, २०७७ (जारी मिति २०७७/३/११) को दफा २९ (क) को उपदफा (६), मा उल्लेख भए अनुसार नेपालको ११ वटा विश्वविद्यालयमा उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्राप्त गर्न कक्षा ६ -१० सम्म अनिवार्य रूपमा सामुदायिक विद्यालयमा नै अध्ययन गर्नु पर्ने भन्ने कानुनी व्यवस्था खारेज हुनु पर्दछ । | |

**प्रस्तावित विधेयकका सम्बन्धमा हाम्रा मुख्य विमतिहरू**

- शैक्षिक गुठीमा रुपान्तरित हुनका लागि प्रोत्साहन गर्नु पर्नेमा सो सम्बन्धमा आवश्यक ऐन, प्रावधानहरुनै तयार नगरी हठात रुपमा पाँच वर्ष भित्रमा दायित्व फरफारक गरी शैक्षिक गुठीमा रुपान्तरित हुनुपर्ने बाध्यात्मक प्रावधान संविधानको मर्म र भावना विपरित अलोकतान्त्रिक, अव्यवहारिक र अन्यायपूर्ण छ ।
- समग्र छात्रवृत्ति व्यवस्थापनका सम्बन्धमा विद्यमान विभेदकारी नीतिलाई सम्बोधन गर्न आवश्यक प्रावधानको व्यवस्था गरिएको छैन ।
- विद्यालयहरूको व्यवस्थापन समितिको गठन, विद्यालयहरूले लिने शुल्क, कार्यरत शिक्षक कर्मचारीहरूलाई उपलब्ध गराउनु पर्ने सेवा सुविधाका सम्बन्धमा राष्ट्रिय मापदण्ड निर्माण गरी एकरुपता कायम हुन सक्ने प्रावधान नहुँदा उत्पन्न हुन सक्ने व्यवहारिक समस्यालाई नजरअन्दाज गरिएको छ ।
- नेपाल सरकारले गठन गर्ने शिक्षासँग सम्बन्धित समिति तथा उपसमितिहरूमा निजी लगानीका विद्यालयहरूको छाता सङ्गठनलाई वेवास्ता गर्ने कुरा लोकतान्त्रिक मुल्य र मान्यता विपरित छ ।
- यथास्थितिमा कानुन निर्माण भएमा निजी लगानीका विद्यालयहरूको वृद्धि, विकास, सुरक्षा, संरक्षण र सम्बर्द्धन, असंभव मात्र नभई यस्ता विद्यालयहरू बन्द हुने अवस्थामा पुग्नेछन् ।

## आन्दोलनका कार्यक्रमहरू :

| क.स. | मिति | कार्यक्रम | स्थान | आयोजक |
|---|---|---|---|---|
| १. | २०८०/०४/२३ | पत्रकार सम्मेलन केन्द्र | इन्द्रेणी ब्यङ्क्वेट | प्याब्सन, हिसान र नेशनल प्याब्सन |
| २. | २०८०/०४/२४ | पालिका/जिल्ला प्रशासन कार्यालय/शिक्षा विकास तथा समन्वय इकाई/ प्रदेश मन्त्रालयमा ज्ञापन पत्र बुझाउने । | सम्बन्धित कार्यालय | सम्बन्धित कार्यसमिति |
| ३. | २०८०/०४/२५ | मस्यौँदाको विरोध प्रदर्शन गर्ने | माइतीघर मण्डला | उपत्यका क्षेत्र |
| ४. | २०८०/०४/२६ | सरोकारवाला पक्षबीच अन्तरक्रिया | आफै तोक्ने | सम्बन्धित कार्यसमिति |

| | | | | |
|---|---|---|---|---|
| | | तथा छलफल गर्ने । | | |
| ५ | २०८०/०४/२७ | आ-आफ्ना सङ्गठनमा समिक्षा बैठक गर्ने । | आफै तोक्ने | सम्बन्धित कार्य समिति |
| ६. | २०८०/०४/२८ | अनिश्चितकालिन विद्यालय बन्द | देशैभरी | तोकिएको कार्यसमिति |
| ७. | २०८०/०५/०१ | अनिश्चितकालिन विद्यालय बन्द तथा विद्यालयका सवारी साधानहरू सार्वजनिक स्थलमा पार्किङ गर्ने । | मुख्य शहरहरू | तोकिएका कार्यसमिति |